**<u>बाग्लुङ सेवा समाज क्यानाडाको ९ औ बार्षिक साधारण सभामा प्रस्तुत महासचिबको आर्थिक वर्ष २०१९/२०२० र २०२०/२०२१ को प्रगति र २०२१/२०२२ को प्रस्तावित प्रतिबेदन</u>**

मिती: सेप्टेम्बर ६, २०२१

# पृष्ठभूमि

बाग्लुङ सेवा समाज क्यानाडा, नेपालको बाग्लुङ जिल्लाबाट क्यानाडामा आएर बसोबास गर्ने र बाग्लुङ जिल्लासंग गहिरो सद्भाव भएका क्यानाडा बासी नेपालीहरुको साझा संस्था हो। क्यानाडामा रहेका बाग्लुङेहरुलाई एकिकृत गरि एक अर्काको सुख दुःखमा हातेमालो गर्ने र आफ्नो जन्मभूमिमा संकट पर्दा सेवा भावले सहयोग गर्ने यस संस्थाको मूल उद्देस्य रहेको छ। बिसुद्द सामाजिक सेवा गर्ने हेतुले सन् २०११ मा स्थापित भएको यस संस्थाले अनेकौ उतार चढाब पार गर्दै सम्पूर्ण सदस्यहरुको सदासयताले करिब एक दसक को यात्रा पुरा गर्न लागेको छ। यस बिचमा करिब १ दर्जन कार्यक्रमहरु नेपाल र क्यानाडा मा परिचालित गरि क्यानाडियन नेपाली समक्ष अमिट छाप पार्न सफल भएको छ। यस संस्थालाई यो बिन्दु सम्म ल्याउनका लागि महत्वपुर्ण भूमिका खेल्नु हुने सबैलाई वर्तमान कार्यकारी समितिको तर्फ़ बाट धन्यवाद ब्यक्त गर्न चाहन्छु र आगामी वर्षमा पनि यहाँहरुको निरन्तर सहयोग, सद्भाव र सहयोको अपेक्षा गर्दछु ।

संस्थाको स्थापना काल देखि नै प्रत्येक वर्ष साधारण सभा र हरेक २ वर्षमा कार्यकारी समितिको चयनका लागि चुनाबी अधिबेसन हुने गरेको यहाँहरुलाई बिदितै छ। तर सन् २०२० को सुरुवात बाट फैलिएको कोरोना महामारीको कारण २०२० को बार्षिक साधारण सभा र चुनाबी अधिबेसन गर्न हामी असमर्थ भयौ। यस बिशिस्ट परिस्थितिमा वर्तमान कार्यकारी समितिलाई नै निरन्तरता दिई यो वर्ष बार्षिक साधारण सभा संगै चुनाबी अधिबेसन गर्न लागेका छौ। यो विषम परिस्थितिलाई बुझेर संस्थाको निरन्तरताको लागि योगदान गर्नु हुने सम्पूर्ण सदस्य ज्यूहरुलाई लाई धन्यवाद ज्ञापन गर्न चाहन्छु।

अब म संस्थाले बर्ष २०१९/२०२० र २०२०/२०२१ म गरेका विभिन्न विवरणहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## आकस्मिक राहत वितरण

नेपालको विभिन्न भूभागमा भैपरी आउदा आफ्नो दक्षता र क्षमताले भ्याए सम्म सहयोग गर्ने यस संस्थाको मुलभूत उद्देस्य रहेको छ। सोहि अनुरुप यी वर्ष (२०१९/२०२० र २०२०/२०२१) हरुमा पनि महामारी र प्राकृतिक प्रकोप बाट प्रभावित भएका घाउहरुमा धेरथोर मलम लगाउने प्रयत्न गरेका छौ। तद अनुसार यस संस्थाको तर्फबाट तपसिल बमोजिम का आकस्मिक राहत वितरण कार्यक्रम सम्पन्न गरिएको छ:

**<u>कोभिड-१९ महामारी ब्यबस्थापन:</u>**

सन् २०१९ को अन्त्यतिर बाट बिश्व भरि फैलिएको कोभिड-१९ को महामारीको प्रभावले नेपाल पनि अछुतो रहेन। कोभिड-१९ को महामारीको प्रभावलाई न्युनिकरण गर्नका लागी यस संस्थाले कुल चारहजार पाँचसय (४५००) क्यानेडियन डलर बराबरको

सहयोग प्रदान गरेको छ । संस्थाको आकस्मिक सहयोग कोष र सदस्यहरुबाट संकलित सहयोग रक़म बिभिन्न माध्यमबाट नेपाल पठाईएको हो । उक्त रकम विभिन्न ठाउमा विभिन्न प्रयोजनका लागि हस्तान्तरण गरिएको छ।

- पहिलो चरणको महामारीमा बाग्लुङमा अबस्थित प्रादेशिक अस्पताललाई चाहिने अत्याबस्यक स्वास्थ्य सामग्री खरिद गर्न नेपाली पचास हजार रुपैया (५५० क्यानेडियन डलर)
- दोश्रो लहर शुरु भए पछि बाग्लुङमा अवस्थित प्रादेशिक अस्पताललाई अन्तरास्ट्रिय बाग्लुङ समाज मार्फत १ लाख रुपैया (११०० क्यानेडियन डलर)
- एनआरएन क्यानडाको संयोजनमा नेपाल पठाउन २ वटा अक्सिजन कन्सन्ट्रेटरका लागी २ हजार क्यानेडियन डलर
- गल्कोट नगरपालिका र ताराखोला गाउँपालीकाको कोभिड आईसोलेसन अस्पताल सुदृढिकरणका लागी पचास हजार रुपैया (५५० क्यानेडियन डलर)
- बढीगाड गाउँपालिका को स्वास्थ्य चौकिको सुदृढिकरणका लागी ४० हजार रुपैया (४५० क्यानेडियन डलर)

## बाढी पहिरो राहात वितरण:

प्राकृतिक/दैबीप्रकोपबाट बिपत्ति मा परेका परिवार वा समुदायलाई सहयोग गर्ने उदेश्य अनुरुप यो बर्ष पनि यस संस्थाले आकस्मिक राहत कोष र समाजका सदस्यहरुको सहयोगबाट राहत वितरण गरेको छ।

- बाग्लुंग जिल्लाको ढोरपाटन नगरपालिका वार्ड नम्बर ७, ८ र ९ मा सन् २०२० को सेप्टेम्बेरमा भुजी खोलाको बाढीले बिस्थापित करिब १३५ घर परिवारलाई ३ लाख रुपैया सहयोग
- सोहि स्थानमा बस्ति पुनर्निर्माण का लागि मेयर पुनर्निर्माण कोष मा १ लाख ९ हजार रुपैया हस्तान्तरण

बाढी पहिरो राहत को लागि GoFundMe मार्फत यस संस्था र यस संस्था इतरका महानुभाबहरुले पनि उलेख्य संख्या मा सहयोग गर्नु भएको छ। सबै सहयोगी मनहरुलाई यस संस्थाको तर्फ़ बाट हार्दिक कृतज्ञता टक्र्याउन चाहन्छु।

## छात्रवृति बितरण

यस संस्थाले सन् २०१४ देखि नेपालको विभिन्न जिल्लामा आर्थिक स्थितिको अभाबले पढाईबाट बन्चित भएका गरिब तथा जेहेन्दार बिद्यार्थीलाई छात्रवृति प्रदान गर्दै आएको छ। ४ जना बिद्यार्थीबाट सुरु भएको यस कार्यक्रमद्वारा २०१९/२०२० सम्म आइपुग्दा करिब ३१ जना बिद्यार्थी लाभान्वित भएका छन भने कुल १०४ छात्रवृति प्रदान गरिएको छ । यहि कार्यको निरन्तरता अनुरुप सन् २०१९/२०२० मा १८ जना बिद्यार्थीहरुलाई छात्रवृति प्रदान गरिएको छ। बिगतका बर्षहरुमा यस समाजका सदस्यहरु र शुभचिन्तकबाट यस कार्यक्रम लाई योगदान हुदै आएकोमा सन् २०१९/२०२० मा कोरोनाको महामारीको कारण यस संस्थाकै आकस्मिक राहत कोषको ब्याजबाट आएको पैसा लाई प्रयोग गरिएको हो। सन् २०२०/२०२१ को छात्रवृति कार्यक्रम पनि सुरु भैसकेको छ र छिट्टै नै बिपन्न तथा जेहेन्दार बिद्यार्थी पहिचान गरि छात्रवृति रकम नेपाल पठाइने छ।

यस कार्यक्रमलाई आर्थिक र नैतिक रुपमा सहयोग गर्ने क्यानाडा बासी हाम्रा सदस्य र शुभचिन्तक साथै नेपालमा यस कार्यक्रमको समन्वय गर्ने सम्पूर्ण व्यक्तित्व हरुलाई संस्थाको तर्फ़ बाट हार्दिक धन्यवाद प्रकट गर्दछु। स्मरण रहोस यस छात्रवृति कार्यक्रम बाग्लुङ जिल्लाका अलावा पर्बत, म्याग्दी, गुल्मी, नुवाकोट जिल्लामा पनि संचालनमा छ। भबिस्यमा यसको दायरा अझ फराकिलो बनाइ थप जिल्लाहरुमा पनि संचालन गर्ने कुरा अवगत गराउदछौ।

## रक्तदान कार्यक्रम

क्यानेडियन ब्लड सर्भिसको सहयोग तथा नेप्लीज ब्लड डोनर्स एसोसिएसन क्यानडाको सहकार्य र बाग्लुङ सेवा समाज क्यानडाको आयोजनामा अप्रिल १२ अर्थात नेपाली नयाँ बर्ष २०७८ को उपलक्ष्यमा स्कारबोरोमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । करिब १२ जना सहभागी भै यस सामाजिक र मानविय कार्यमा सहभागी बनेकोमा सहभागी सबैलाई आभार प्रकट गर्दाछौ।

## भलिबल

नेपालको राष्ट्रिय खेल भलिबललाई क्यानाडा (बिशेषत: जी टि ए) मा नेपलिज क्यानाडियन माझमा लोकप्रिय बनाउन यस संस्थाको महत्वपुर्ण हात रहेको कुरामा कसैको दुइमत छैन। नया पिढी लाई पनि यस खेलसंग परिचित गराउने अभिप्रायले हरेक बर्ष नया खेलाडीहरुलाई तालिमको व्यवस्था पनि गर्ने गरेको थियौ। बिगतका बर्षहरुमा यस संस्था ले नर्थ अमेरिका ब्यापी भलिबल प्रतियोगिता आयोजना गर्ने गरेको कुरा पनि यहाँहरुलाई अवगत नै छ। दुर्भाग्यबस कोरोना महामारीका कारण ले बिगत का २ वर्ष (२०२० र २०२१) उक्त प्रतियोगिता र तालिमलाई निरन्तरता दिन हामी असमर्थ भयौ। यद्दपि हाम्रो टिम २०१९ को सेप्टेम्बेरमा USA को Buffalo स्थित मिचिगन तुफानले आयोजना गरेको भलिबल प्रतियोगितामा सहभागी भएर हाम्रो खेलको दायरा लाई अझ फराकिलो पारेका छौ।

## हरितालिका तीज

नेपाली महिलाको महान चाड हरितालिका को तीजको अवसरमा यस संस्थाका महिला सदस्यहरुको सक्रियता मा सन् २०२० को तीज कार्यक्रम अगष्ट मा Thomposon Memorial park मा सफलता पुर्बक सम्पन्न गरेको छ। यस प्रकारका कार्यक्रमले नेपाली संस्कृति संरक्षणमा महत्वपुर्ण टेवा पुग्ने यस संस्थाको ठम्माइ छ। यो बर्ष पनि यस कार्यक्रमलाई निरन्तरता दिइने छ।

## अन्तरास्ट्रिय बाग्लुङ सेवा समाज गठन र हाम्रो सहभागिता

बिस्वभरि छरिएर रहेका बाग्लुंगेहरुलाई गोलबद्द गर्ने अभिप्रायले सन् २०१९ को नोवेम्बेरमा अन्तरास्ट्रिय बाग्लुंग समाज गठन भएको छ । बाग्लुंग जिल्लामा भैपरी आउने समस्यालाई समाधान गर्नका लागि बिस्वभारी बाट उपलब्ध हुने सहयोगलाई केन्द्रिकृत गरि प्रभाबकारी ढंगले परिचालन गर्न लागि यस संस्थाले महत्वपुर्ण भूमिका निर्बाह गर्ने छ। कोरोना महामारीको समयमा गर्दा यस संस्थाले अन्तरास्ट्रिय बाग्लुंग समाज संग समन्वय गरिसकेको । हाम्रो संस्थाको प्रतिनिधित्व गर्दै निबर्तमान अध्यक्ष अधिकारी र निबर्तमान उपाध्यक्ष गिरि बुढाथोकी सल्लाहकारमा, आजीवन सदस्य दिपक गौतम उपाध्यक्षमा मनोनित हुनु भएको छ। यस संस्था उहाहरुको कार्यकालको सफलताको कामना गर्दछ।

## पन्चेबाजा एवम साँस्कृतिक अभियान

बिदेशमा पनि नेपाली संस्कृति लाई जगेर्ना गर्नुपर्छ भन्ने हेतुले नेपालको मौलिक पन्चे बाजा पहिलो पटक क्यानाडा मा ल्याएर नेपाली समुदाय मा मनोरंजन प्रदान गरेको कुरा जगजाहेर नै छ। बिगत २ वर्ष कोरोना महामारीका कारण हामीले पन्चे बाजा लाई निरन्तरता दिन सकेनौ। आशा छ आगामी बर्षहरुमा यस कार्यक्रमलाई थप उचाई मा पुर्याउने छौ।

**आगामी वर्षका प्रस्तावित कार्यक्रमहरु:**

- यस संस्थाबाट संचालित कार्यक्रमहरु - आकस्मिक राहत, छात्रवृति, खेलकुद र संस्कृति संरक्षणलाई नयाँ उचाईमा पुराउने
- बालबालीका, युवा र महिला लक्षित कार्यक्रम बनाउने
- आकस्मिक राहत यस संस्थाको मूल उद्देस्य रहेकाले आकस्मिक राहत कोष लाई अझ मजबुत गराउने। यस संस्थाको आर्थिक अवस्थालाई अझ मजबुत बनाउन आर्थिक कार्य योजना बनाउने
- नेपाली संस्कृतिको संरक्षणको दायरा फराकिलो पार्दै मौलिक भजन समूह बनाउने
- यस संस्थाका सदस्यहरुलाई क्षेत्र संयोजक तोकी समाजको सदस्यता वितरण गर्ने र सदस्यहरुको अभिलेख राख्ने
- यस संस्थामा महिलाहरुलाई थप क्रियासिल गराउनका लागि अन्य क्रियाकलापमा जिम्मेवारी सुम्पने

माथि उल्लेखित प्रस्तावित कार्यक्रम थप, घट वा संसोधन गर्न आवश्यक लागेमा आजको यो गरिमामय सभाले आफ्ना विचार, जिज्ञासा र सुझाब प्रस्तुत गर्नका लागि आब्हान गर्दछु। यदि केहि नभए ताली बजाएर यस प्रतिबेदन पास गर्दिन का लागि बिनम्र अनुरोध गर्दछु।

अन्त्यमा,

यो बाग्लुङ सेवा समाजको ९ औ साधारण सभा मात्र नभएर चुनाबी अधिबेसन पनि भएकोले सक्षम खालको नेतृत्व र समिति गठन गर्नका लागि यहाहरुको अत्यन्तै महत्वपुर्ण भूमिका रहनेछ। सफल नेतृत्व को साथै ओजिलो समिति बनोस भन्ने अग्रिम शुभकामना दिदै मेरो भनाइ र संस्थाको प्रगति प्रतिबेदन प्रस्तुतिबाट बिदा हुन्छु।

धन्यवाद

लक्ष्मण पाण्डे
महासचिब
बाग्लुङ सेवा समाज, क्यानाडा